जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १९४ पृष्ठः ४ | २०८२ मंसिर ०७ आइतबार (Sunday 23 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## तीन महिनाभित्र कमला पुल सम्पन्न गर्ने निर्माण कम्पनीको प्रतिबद्धता



सिरहा, ६ मंसिर। भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको स्थलगत निरीक्षण र निर्देशनपछि धनुषा र सिरहा जोड्ने कमला नदीको अधुरो पुल तीन महिनाभित्रै सम्पन्न गर्ने प्रतिबद्धता निर्माण कम्पनीले जनाएको छ। तराई–मधेसको लाइफ लाइन मानिने हुलाकी राजमार्गअन्तर्गतको यो पुल २०६८ सालमा तीन वर्षभित्र सक्ने गरी सम्झौता भएको भए पनि १४ वर्ष बितिसक्दा पनि अपूरै रहेको थियो। मन्त्री घिसिङले शुक्रबार पुल निर्माणस्थलको निरीक्षण गर्दै स्थानीयले वर्षौंदेखि भोग्दै आएको जोखिम, सास्ती र असुरक्षा लाई नजिकबाट अनुभूत गरेका थिए। उनले स्वयं डुङ्गा चढेर नदी पार गर्दै स्थानीयको दैनिक कष्टलाई प्रत्यक्ष अनुभव गरे।

निरीक्षणपछि मन्त्री घिसिङले आज सामाजिक सञ्जालमा लेख्दै आफ्नो मन भारी भएको उल्लेख गरेका छन्। "विसं २०६८को जेठमा तीन वर्षमै बन्ने गरी ठेक्का सम्झौतासहित सुरु गरिएको यो पुल आजसम्म अधुरो छ र यसको सबैभन्दा धेरै मार स्थानीय बासिन्दाले बेहोर्नु परिरहेको छ", उनले अगाडि लेखेका छन्, "अनुगमनका क्रममा स्थानीय बासिन्दाले भोग्दै आएको दैनिक सास्ती, जोखिम र आक्रोश प्रत्यक्ष देख्दा मन भारी भयो। स्थानीयका

**–बाँकी दुई पेजमा**

## लहानमा क्रिकेट रङ्गशाला निर्माण प्रक्रिया अघि बढ्दै

सिरहा, ६ मंसिर। जिल्लाको लहान नगरपालिका–४ स्थित यज्ञभूमिमा क्रिकेट रङ्गशाला निर्माण प्रक्रिया सघन रूपमा अघि बढेको छ। युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता रङ्गशाला निर्माण प्रक्रियाको अवस्थाबारे जानकारी लिन स्थलगत निरीक्षणका लागि यज्ञभूमि पुगेका छन्। निरीक्षणका क्रममा मन्त्री गुप्ताले मन्त्रालयबाट रु तीन करोड बजेटको व्यवस्था भइसकेको जनाउँदै प्रविधिक अध्ययनको काम भइरहेको बताए। विगतमा विभिन्न कारणले रोकिएको बजेट फुकुवाका लागि अर्थ मन्त्रालयमा फाइल पुगेकाले प्रक्रिया पूरा भएलगत्तै काम सुरु हुने उनले विश्वास दिलाए। "हामी जसरी हुन्छ काम अगाडि बढाउनेतर्फ केन्द्रित छौं, कागजपत्र मिलाउने, रकम व्यवस्थापनलगायत काम प्रक्रियामा छन", मन्त्री गुप्ताले भने।

लहान क्रिकेट क्लबका अध्यक्ष विमल ठाकुरका अनुसार उक्त क्षेत्र सरकारी जग्गा भएकाले रङ्गशाला निर्माण सहज हुने बताउँदै लहान नगरपालिकाले रु दुई करोड सहयोग घोषणा गरिसकेको जानकारी दिए। मन्त्रालयको रु तीन करोडसहित रु पाँच करोडको प्रारम्भिक काम शीघ्र सुरु हुने उनले बताए। पहिले सार्वजनिक भइसकेको डिजाइन अनुसार विस्तृत परियोजना प्रतिवेदन डिपिआर) तयार गर्ने काम भइरहेको क्लबले जनाएको छ।

## मोबाइल चोरी गरेको आरोपमा कुटपिट गर्दा युवकको मृत्यु

राजविराज, ६ मंसिर। मोबाइल चोरी गरेको आरोपमा कुटपिट गर्दा सप्तरीमा एक युवकको मृत्यु भएको छ। राजगढ गाउँपालिका ६ फकिरा घर भई राजविराज नगरपालिका १६ बोरिया बस्दै आएका मुकेश यादवको यसरी मृत्यु भएको हो। १९ बर्षीय यादवको उपचारका क्रममा छिन्नमस्ता अस्पतालमा शुक्रबार मृत्यु भएको प्रहरीले जनाएको छ। सप्तरी प्रहरीका प्रवक्ता एवं डीएसपी डम्बरबहादुर पुरीका अनुसार घटना ३ मंसिरमा भएको हो। त्यस दिन मृतक यादवका बोरियास्थित छिमेकी सरो कुमारी साहको मोबाइल हराएको थियो।

## लहानमा ६० अपांग बालबालिकालाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण

**रोयाण्टर मण्डल**

लहान, ६ मंसिर। अपांग बालबालिकाको शिक्षा तथा स्वास्थ्य पहुँच बढाउने उद्देश्यले अपांग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, मधेस प्रदेश कार्यालय (क्लब फुट क्लिनिक) लहान सिरहाले ६० जना अपांग वालबालिकालाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गरेको



छ। एक विशेष कार्यक्रमका बीच सामग्री वितरण गरिएको कार्यक्रममा सिरहा जिल्ला समन्वय समितिका सभापति दिनेश महतो प्रमुख अतिथि रहनुभएको थियो। विशिष्ट अतिथिका रूपमा लहान नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष राम दयाल महतो लगायतको उपस्थिति रहेको थियो। उक्त सहयोग मार्फत सिरहा, सप्तरी तथा धनुषाका अपाङ्ग

**–बाँकी दुई पेजमा**



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## रक्तदान जीवनदान ।

- रगतको अभावले बर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

**रक्तदाताले:**

- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
- अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुदैन,
- ३–४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
- रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ।

**रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## वरीयतालाई प्राथमिकता दिएर पारदर्शिता अपनाऊ !

राज्यको स्थायी सरकार भनिने प्रशासन संयन्त्रको प्रमुख मुख्य सचिवले साता दिनभित्र अनिवार्य अवकाश पाउने भए पनि अहिलेसम्म उनको उत्तराधिकारीको टुंगो लागेको देखिँदैन। नेपालको निजामती सेवामा केही दशकदेखि निरन्तर रहेको हुकुमी प्रवृत्तिका कारण यस प्रकारको अन्योल हुनेगरेको हो। सामान्यतः नेपालकै जस्तो राजनीतिक र प्रशासनिक व्यवस्था भएका देशमा प्रशासन प्रमुखको उत्तराधिकारी धेरै पहिले नै तय भइसकेको हुन्छ। बढुवा र अवकाशको रेखा सामान्यतया नियुक्तिसँगै लगभग तय हुने गर्छ। नेपालमा भने आधुनिक प्रगतिशील राजनीतिक पद्धति अपनाउँदा पनि निजामती सेवामा राणा शैलीकै पजनी प्रकारान्तरले कायमै छ।

नेपालमा आधुनिक ढाँचाको प्रशासन सेवा सुरु गरिएका केही दशक वरीयतालाई प्राथमिकता दिइन्थ्यो। फलस्वरूप, भावी मुख्य सचिव को हुन्छ भन्ने वा को को मुख्य सचिव हुनसक्छन् भन्ने सहजै अनुमान गर्न सकिन्थ्यो। राजनीतिक नेतृत्वले वरीयता मिचेर कृपापात्र रोज्न थालेपछि यो क्रम बिथोलिएको हो। मुख्य सचिव नियुक्ति गर्दा वरीयतालाई प्राथमिकता दिइएमा सचिवहरू व्यक्तिभन्दा पद्धतिप्रति निष्ठावान् हुने भएकाले नै राजनीतिक नेतृत्व विशेषगरी प्रधानमन्त्रीहरूले तजबिजमा नियुक्त गर्न थालेका हुन्। त्यसले कतिपय मुख्य सचिवको नियुक्तिपछि वरिष्ठतम सचिवहरूले पदबाट राजिनामा नै गरेका थिए।

प्रधानमन्त्रीले रोजेको व्यक्तिलाई मुख्य सचिव बनाउन कार्यकाल समाप्त नभई वैदेशिक रोजगारीमा पठाउने वा राजदूत वा अन्य लाभको पद दिएर पनि हटाउनेजसता विकृतिसमेत विगत केही वर्षमा देखिएको छ। नेकपा ९एमाले० अध्यक्ष खड्गप्रसाद ओली प्रधानमन्त्री हुँदा यस्ता विकृति अपेक्षाकृत बढी देखिएको थियो। जे होस्, भावी मुख्य सचिव को हुने भन्ने अहिलेसम्म निधो नहुँदा प्रशासनिक अस्थिरता र अनिश्चितता बढ्छ। राणाहरूकै पालाको पजनी दोहोऱ्याउन चाहनेहरू अहिले वरीयता मिचेर मुख्य सचिव नियुक्त हुन दौडधुप गरिरहेका छन्। यसैले मुख्य सचिवको नियुक्ति वर्तमान सरकारको नियत र प्रवृत्तिको पनि कसी बन्नेछ।

सामान्यतया वरीयता नमिचिने सुनिश्चित हुने हो भने नेपालको निजामती र प्रहरी सेवामा रहेको चाकरी, चलखेल र षड्यन्त्र धेरै हदसम्म समाप्त हुनेछ। नेपाली सेना यसको उदाहरण हो। प्रशासन संयन्त्रमा पारदर्शिता भए देशमा सुशासन कायम गर्न सहज हुन्छ। संगठित सेवामा वरीयताले प्राथमिकता पाउनु पारदर्शिताको एउटा आधार हो। यसैले अन्योल धेरै कायम नराख्न र चलखेलको सम्भावना बढ्न नदिन वरीयताका आधारमा मुख्य सचिव नियुक्ति गर्नु यस सरकारका लागि उपयुक्त हुनेछ। सामान्यतः सचिव भइसकेको व्यक्ति मुख्य सचिव हुन योग्य नै हुन्छ। त्यसमाथि वरिष्ठतम भए अरूलाई पनि स्वीकार गर्न अप्ठेरो हुँदैन।

सुशासनको माग राखेर भएको आन्दोलनका बलमा गठन भएको सरकारले वरीयतालाई पन्छाएर तजबिजी आधार अपनाउनु अस्वीकार्य विडम्बना हुनेछ। मुख्य सचिव छान्न मन्त्रिपरिषद्लाई दिएको अधिकार कृपापात्रलाई पुरस्कृत गर्ने मौकाका रूपमा अहिलेको सरकारले पनि बुझ्यो भने त्यो सरकारका लागि कलंक र निजामती सेवाका लागि दुर्भाग्य हुनेछ। यस्तै, सुशासनको परम्परा स्थापित गर्ने अवसर पनि सरकारले गुमाउनेछ।


## माईग्रेसन हराएको सूचना

यही मिति २०८२।०७।०१ गतेका दिन जे.एस. मुराका क्याम्पसदेखि लहान चौक सम्म जाने क्रममा राजिका सिंह नाम गरेको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : राधिका सिंह**
**ठेगाना : लहान–८, सिरहा**
**एल.ई.बी. रजिष्ट्रशन नं.: ७९२१६०४३००७३**
**मोबाईल नं. : ९८०७७९०९११**


# अदालतप्रेषित मध्यस्थता : न्यायालयले ध्यान केन्द्रित गर्नुपर्ने विषय

**नूरहरि खतिवडा**

मध्यस्थता ऐन २०५५ ले मध्यस्थद्वारा विवाद समाधान गर्ने अवस्था र प्रक्रिया लगायत मध्यस्थता सम्बन्धी अन्य महत्त्वपूर्ण कुरा व्यवस्थित गरेको छ। यो ऐनले पक्षहरूका बिचमा भएको व्यापारिक प्रकृतिको वैध सम्झौताबाट उत्पन्न देवानी विवाद समाधानको एकमात्र उपायको रूपमा मध्यस्थता (आर्विट्रेसन) लाई स्वीकार गरेको छ।

उक्त ऐन अनुसार मध्यस्थको नियुक्ति र मध्यस्थताको कार्यविधि निर्क्यौल गर्ने कार्य विवादका पक्षहरूको स्वायत्तताको विषय हो। राज्य वा कुनै निकायसँग विवादका पक्षले मध्यस्थको नियुक्ति वा मध्यस्थको निर्णय कार्यान्वयन लगायतका प्रक्रियात्मक चरणहरूमा कानुन बमोजिम सहयोग मागेको खण्डमा सहयोग गर्नुपर्छ, तर कसैले आफ्नो सहयोग लिनैपर्ने वा आफूले भने बमोजिम हुनुपर्ने भनी पक्षहरूलाई बाध्य तुल्याउन मिल्दैन। पक्षहरूको स्वायत्तता आर्विट्रेसनको मुख्य तत्व हो। पक्षहरूले आफ्नो ईच्छा बमोजिम नियुक्त गरेको मध्यस्थले विवाद समाधानको सिलसिलामा कानुनसम्मत तरिकाले दिएको निर्णय भने पक्षलाई बाध्यकारी र अन्तिम हुन्छ। मध्यस्थको निर्णय विरुद्ध कुनै अदालतमा पुनरावेदनको गुञ्जायस रहँदैन।

मध्यस्थता ऐन २०५५ को दफा ३(१) ले कुनै सम्झौताबाट उत्पन्न विवाद समाधानका लागि सम्झौतामा मध्यस्थको कार्यविधि उल्लेख गरिएकोमा सोही बमोजिम र सम्झौतामा मध्यस्थको कार्यविधि उल्लेख नभएको अवस्थामा ऐन बमोजिम मध्यस्थबाट विवाद समाधान गराउनु पर्ने व्यवस्था गरेको छ। यस ऐनको मूल उद्देश्य दुई वा बहुपक्षका बिच भएको व्यापारिक प्रकृतिको वैध सम्झौताबाट उत्पन्न हुने विवाद समाधानका लागि पक्षहरूले मध्यस्थताको प्रक्रिया अवलम्बन गर्नुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई कानुनी वैधता प्रदान गरी कार्यान्वयनमा सहजीकरण गर्नु हो। संसारका अधिकांश मुलुकमा व्यावसायिक प्रकृतिका सम्झौता गर्दा पक्षहरूबिच भविष्यमा उत्पन्न हुन सक्ने विवाद समाधानका लागि मध्यस्थताको कार्यविधिसमेत सम्झौताको अभिन्न अंग बनाइने प्रचलन रहेको पाइन्छ।

नेपालमा पक्षहरूबिच भएको सम्झौता वा करारलाई कानुनी वैधता प्रदान गर्ने मुलुकी देवानी संहिता २०७४ को दफा ५०७ ले करारको स्वरुप वा विषयवस्तु छनोट गर्न, करारका सर्त तथा करार उल्ल न भएबापत उपचारको प्रकृति निर्धारण गर्न र करार बमोजिमको विवाद समाधान गर्न उपाय निश्चित गर्न करारका पक्षहरू स्वायत्त हुने उल्लेख गरेको छ। यसले करारका पक्षहरूलाई करारसँग सम्बन्धित विषयमा उत्पन्न हुने विवाद समाधानको निमित्त आफ्नो ईच्छा बमोजिमको उपाय निश्चित गर्न पाउने हक सुरक्षित गरिएको पुष्टि गर्दछ।

करार सम्झौताबाट उत्पन्न विवाद समाधानको ठोस प्रक्रिया र जिम्मेवार निकायको भूमिका किटान गर्ने प्रयोजनले निर्माण भएको विशेष कानुन मध्यस्थता ऐन २०५५ हो। उक्त ऐनको दफा ३(२) ले अदालतमा दायर भएको मिलापत्र हुन सक्ने व्यापारिक प्रकृतिको कुनै देवानी मुद्दाका पक्षहरूले मध्यस्थबाट विवादको समाधान गरिपाउँ भनी निवेदन दिएमा सम्झौतामा मध्यस्थको कार्यविधि उल्लेख नभएको अवस्थामा समेत ऐनले तोकेको प्रक्रिया बमोजिम मध्यस्थबाट विवाद समाधान गराउनु पर्ने किटानी व्यवस्था गरेको छ। ऐनको यस प्रावधानलाई अन्तर्राष्ट्रिय प्रचलन बमोजिम अदालतप्रेषित मध्यस्थता (कोर्ट रेफर्ड आर्विट्रेसन) को नामबाट बुझ्न सकिन्छ।

मध्यस्थता ऐन २०५५ र मुलुकी देवानी संहिता २०७४ का करार सम्बन्धी प्रावधानले पक्षहरूले आपसी करार वा सम्झौता गर्दा पछि उत्पन्न हुने विवाद समाधानका लागि मध्यस्थको कार्यविधि किटान गर्नु पर्ने र कुनै कारणवस सम्झौतामा मध्यस्थको कार्यविधि उल्लेख नभएको अवस्थामा विवाद समाधानको निमित्त अदालतमा मुद्दा दर्ता गरेको रहेछ भने पनि जुनसुकै समयमा त्यस्तो विवाद मध्यस्थबाट समाधान गर्न पाउने पक्षहरूको हक सुरक्षित रहने पुष्टि गरेका छन्। मध्यस्थता ऐन २०५५ ले विशेष कानुनको हैसियतमा सम्झौताबाट उत्पन्न विवाद निर्णयको लागि मध्यस्थ समक्ष पेस गर्नु पर्छ भनी गरेको किटानी प्रावधानलाई सामान्य कानुनको रूपमा रहेको मुलुकी देवानी संहिताको करार सम्बन्धी प्रावधानले थप मजबुत बनाएको हुँदा नेपालको प्रचलित कानुनले अन्तर्राष्ट्रिय कानुनसमेत अनुकूल हुने गरी सम्झौताबाट उत्पन्न विवाद समाधानका लागि पक्षहरूले प्राथिमकताका साथ मध्यस्थता प्रक्रिया अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ। यी दुवै ऐनले करार सम्झौताबाट सिर्जित व्यापारिक प्रकृतिका देवानी विवाद समाधानको लागि मध्यस्थता प्रक्रियालाई भरपर्दो र उपयुक्त प्राथमिक उपायको रूपमा किटान गरी यस्ता विवाद मुद्दाको रुपमा अदालती प्रक्रियाबाट टुङ्गो लगाउने प्रयास औचित्यहीन र असान्दर्भिक ठहऱ्याएका छन्।

पक्षहरूले करार सम्झौताको माध्यमबाट आफैँले निर्माण गरेको निजी कानुन अनुसार स्वेच्छाले स्वीकार गरेको विशिष्ट दायित्व कुनै पक्षले निर्वाह नगरेको अवस्थामा मर्कापर्ने पक्षले दक्ष मध्यस्थबाट सोको उपचार पाउनु उसको स्वाभाविक हक हुने तथ्यलाई मध्यनजर गरी मध्यस्थता सम्बन्धी विशेष कानुनले करारबाट सिर्जित दायित्व सम्बन्धी विवादमा निर्णय गर्न मध्यस्थको नियुक्ति, मध्यस्थताको कार्यविधि, निर्णय कार्यान्वयनको प्रक्रिया र जिम्मेवार निकायको भूमिकासमेत किटान गरेको हो। विवादका पक्ष र अन्य सरोकारवालाहरूले कानुनको आशय र भावना अनुरुप विवाद समाधानका लागि मध्यस्थता प्रक्रिया अवलम्बन गरी सोही कानुन अनुरुप आ–आफ्नो भूमिका निर्वाह गर्नु पर्दछ।

मध्यस्थता सम्बन्धी कानुन कुनै राष्ट्रको आन्तरिक विषयमात्र नभई अन्तर्राष्ट्रिय कानुन र प्रचलनको समेत सरोकारको विषय हुने भएकाले मध्यस्थता सम्बन्धी घरेलु कानुन अन्तर्राष्ट्रिय कानुन वा प्रचलनसँग मेल खाने हुनुपर्दछ। नेपालले संयुक्त राष्ट्र संघीय विदेशी मध्यस्थ निर्णयको मान्यता र कार्यान्वयन सम्बन्धी अभिसन्धि १९५८ (न्यूयोर्क कन्भेन्सन) अनुमोदन गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप मध्यस्थता ऐन २०५५ मा 'अनसिट्रल मोडेल ल'का प्रावधानहरूलाई आत्मसात् गर्ने प्रयास गरेको छ। मध्यस्थता ऐन २०५५ मा विदेशमा भएको मध्यस्थको निर्णय नेपालमा लागु हुन सक्ने व्यवस्थासमेत छ। करारबाट सिर्जित व्यापारिक प्रकृतिका विवाद समाधानका लागि परम्परागत अदालती प्रक्रियाको सट्टा स्वतन्त्र र विज्ञ मध्यस्थको निर्णय बढी उपयुक्त, छिटोछरितो, वस्तुपरक र व्यावहारिक हुने भएकाले अन्तर्राष्ट्रिय कानुन अनुरुप मध्यस्थको अन्तर्राष्ट्रिय क्षेत्राधिकार रहने अवस्था समेतलाई दृष्टिगोचर गरी नेपालको कानुनमा उक्त व्यवस्था गरिएको हो।

मध्यस्थता ऐन २०५५, मुलुकी देवानी संहिता २०७४ को करार सम्बन्धी प्रावधान र मध्यस्थता सम्बन्धी अन्तर्राष्ट्रिय कानुन समेतको मूलभूत मान्यता विपरीत करारबाट उत्पन्न विवाद समाधानका निमित्त अदालतको ढोका ढकढकाउने कार्य विवाद समाधानको सैद्धान्तिक मान्यता र राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनी दृष्टिकोणको प्रतिकूल हुन्छ। सम्बद्ध कानुन व्यवसायी र अदालत समेतबाट सम्झौता सिर्जित विवादका पक्षहरूलाई अदालती प्रक्रियामा अल्झनुको सट्टा मध्यस्थता प्रक्रियामा अघि बढ्न उत्प्रेरित गर्नु उचित हुन्छ। न्याय निरुपणको दायित्व अदालतको हो भन्ने परम्परागत तर्कका आधारमा मध्यस्थबाट निर्णय हुनु पर्ने विवादमा समेत अदालतमा मुद्दा दर्ता गर्ने र अदालतबाट उचित समयमा निकास नदिई विवादलाई अनावश्यक झन्झटिलो प्रक्रियाभित्र अल्झाएर राख्ने कार्य कानुन र न्यायको दृष्टिकोणबाट सही ठहर्न सक्दैन।

नेपालका अदालतहरूमा दर्ता भएका मुद्दाहरूको प्रकृति र अवस्थाको विश्लेषण गर्दा मध्यस्थबाट निर्णय हुनुपर्ने धेरै विवाद लामो समयदेखि अदालतको अनावश्यक झन्झटिलो प्रक्रियाभित्र रुमल्लिरहेको देखिन्छ। सर्वोच्च अदालतको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनको तथ्याङ्क अनुसार नेपालका अदालतहरूमा सो आर्थिक वर्ष १,५१,३८६ वटा मुद्दा मेलमिलाप हुन सक्ने प्रकृतिका रहेकोमा जम्मा २,१५८ वटा मुद्दामा मात्र मेलमिलाप हुनसक्यो। मेलमिलाप हुन सक्नेमध्ये व्यापारिक प्रकृतिका मुद्दाहरूमा मध्यस्थताको प्रकृया अवलम्बन गर्न सकिने कानुनी व्यवस्था रहेता पनि हालसम्म सो कानुनको प्रयोग गरी विवादका पक्षलाई समयमा निकास दिने र अदालतमा मुद्दाको बोझ कम गर्ने प्रयास हुन सकेको छैन। स्वयं सर्वोच्च अदालतमा सो आर्थिक वर्ष दुई वर्ष नाघेका मुद्दाको संख्या ९ हजारभन्दा माथि र पाँच वर्षभन्दा लामो समय रहेका मुद्दाको संख्या ३ हजारभन्दा माथि रहेको देखिन्छ। यस तथ्याङ्कले मुद्दा फछ्र्यौटमा अदालतको क्षमता कमजोर भएको पुष्टि गर्दछ।

अदालतले मुद्दाको फैसला गरेरमात्र पुग्दैन। कानुन र न्यायको दृष्टिकोणबाट उचित समयमा सही न्याय निरुपण हुन सक्यो वा सकेन र आम जनताले न्याय पाएको महसुस गर्न सक्यो वा सकेन भन्ने कुरा समेत न्यायपालिकाले हेक्का राख्नु पर्दछ। न्यायपालिकाप्रति जनतामा कायम विश्वास र भरोसा न्यायपालिकाको सबैभन्दा ठुलो पुँजी र सफलताको कडी मानिन्छ। हाल जनतामा रहेको न्यायपालिकाप्रतिको आस्था, विश्वास र भरोसा क्रमशः क्षयीकरणतर्फ उन्मुख हुँदै गएको तितो यथार्थता दृष्टिगोचर हुन्छ। नवयुवाहरूको आन्दोलनको क्रममा भदौ २४ मा भएको ध्वंशात्मक तोडफोड र आगजनी समेतबाट सर्वोच्च अदालत लगायत मुलुकभरका २३ वटा अदालतमा भएको व्यापक क्षतिका कारण न्यायपालिकाको न्याय सम्पादन क्षमतामा अझै गम्भीर असर परेको छ। मिसिल फायल लगायत प्रमाण कागजात नष्ट भएर अभिलेखविहीन भएका मुद्दाका सन्दर्भमा अदालतहरूले भविष्यमा कसरी न्याय निरुपण गरी आफूलाई सक्षम प्रमाणित गर्ने हुन भन्ने कुरा अनुमान गर्न सक्ने अवस्था छैन।

न्यायपालिकाले आफ्नो क्षमता प्रदर्शन गर्ने र मुद्दा फछ्र्योटको गति बढाउन उपलब्ध सबै विकल्पहरूको अभ्यास गर्नेतर्फ सक्रियता बढाउनु पर्ने समय

# सार्वजनिक विद्यालय शिक्षामा सुधारका लागि बृहत् गोलमेच

मणिलाल विश्वकर्मा

लहान, ६ मंसिर। खस्किँदो सार्वजनिक विद्यालय शिक्षा सुधारका लागि स्थानीय सरकार, शिक्षक अभिभावक जवाफदेही बन्नु पर्नेमा सरोकारवालाहरुले जोड दिएका छन्। सिरहाको लहानमा आयोजित 'वर्तमान शिक्षा प्रणाली र सार्वजनिक विद्यालय शिक्षामा सुधारका सवालहरु' विषयक गोलमेच बैठकमा सरोकारवालाहरुले स्थानीय सरकारसँगै शिक्षक अभिभावकहरु पनि जवाफदेही बन्नुपर्ने औंल्याए। छलफलमा सहभागीहरुले मुलुक विकासको मेरुदण्डको रुपमा रहेको शिक्षाको समग्र विकासका लागि स्थानीय सरकार अभिभावकीय भूमिका निर्वाह गर्दै पालिका गम्भीरतापूर्वक लाग्नुपर्ने खाँचो औंल्याए।



**शैक्षिक दूरी घटाउन सहकार्य**

लक्ष्मीपुरपतारी गाउँपालिका अध्यक्ष चतुरानन्द ठाकुरले गाउँपालिका क्षेत्रमा शैक्षिक दूरी घटाउन सामाजिक संघ संस्थाहरुसँग सहकार्य गरिरहेको बताए। 'विद्यालय तहका कार्यरत स्थायी, अस्थायी, राहत, अनुदान र बालविकास सहजकर्ताको समस्या पालिकाबाट समाधान हुँदैन' उनले भने 'मेरो पालिकामा रहेको नमूना विद्यालयको नियमित बजेट नै कटौती भएपछि पालिकाले १५ लाख बजेट दिएर व्यवस्थापन गरिएको छ।'

पालिका क्षेत्रमा पर्ने ११ आधारभूत र छ मावि तह गरी १७ सामुदायिक विद्यालयमा एकसय ७८ जना शिक्षक कार्यरत रहेको जानकारी दिँदै उनले दरबन्दी अनुसार अझै ७२ जना शिक्षक अभाव रहेको सुनाए। 'त्यति शिक्षकलाई पालिका आफैंले राखेर पनि तलव सुविधा दिन सक्दैन' उनले भने 'त्यसका लागि संघ र प्रदेश सरकारले जिम्मेवारी लिनुपर्छ।' छलफलमा शिक्षक भैरवप्रसाद गेलालले शिक्षा सम्बन्धी बजेटमा पनि कमिसनको खेल हुने गरेको चर्चा गर्दै सरोकारवालाहरुलाई जवाफदेही नबनाएसम्म शिक्षामा सुधार नहुने बताए। 'शैक्षिक समस्याहरुको विषयमा गम्भिर छलफल गरी स्थानीय आवश्यकता अनुसारको कार्ययोजना बनाइनु पर्छ' उनले भने 'स्थानीय राजनीतिको कारणले शिक्षकहरुले आफ्नो दायित्व वहन गरिरहेका छैनन्।' पार्टी र राज्य सत्तामा रहेकाहरुले शिक्षा प्रणालीलाई समयानुकूल परिमार्जन गर्न नचाहेको आरोप लगाउँदै उनले भने 'विदेशी अनुदान र निर्देशनमा बनाइने नीति, पाठ्यक्रम नै समस्याको मुल जड हो।'

शिक्षाको बजेट र नीति राष्ट्रिय स्वाभिमानसँग जोडिएको विषय भएकाले शिक्षामा आफ्नै स्रोत साधन परिचालन गर्ने नीति लिइनु पर्नेमा उनको जोड थियो। 'राष्ट्रिय आवश्यकता अनुसार साधन स्रोत परिचालन र जनशक्तिको विकास गरिनु पर्छ' उनले भने 'मौलिक संस्कृति, परम्परा, भूगोल अनुसारको शिक्षा दिन्छौं भन्ने प्रतिबद्धतासहित त्यही खालको पाठ्यक्रम, पाठ्यपुस्तक लागु गरिनुपर्छ।' शिक्षा ऐन एउटै भएपनि दुई खालको शैक्षिक व्यवस्था रहेको चर्चा गर्दै उनले विद्यालय तहको शिक्षा हेर्ने दायित्व बोकेको स्थानीय तह पनि जिम्मेवार बन्नुपर्ने औंल्याए।

**'सकारात्मक ढंगले पनि सोचौं'**

गैरसरकारी संस्था महासंघ सिरहाका अध्यक्ष गोविन्दराज विष्टले सामुदायिक विद्यालयको शिक्षा सबैतिर खराव मात्र नरहेको दृष्यन्त दिँदै सकारात्मक ढंगले पनि सोच्न आग्रह गरे। 'शिक्षकको सरुवामा व्यवस्थापन समिति अडिग रहयो भने पालिकाले जस्तो दबाब दिएपनि केही गर्न सक्दैन' उनले भने। सार्वजनिक शिक्षाप्रति आफू नैतिकवान बन्दै सुधारका लागि समयको माग अनुसार शिक्षकको तालिम र शिक्षक अभिभावकको गुनासो व्यवस्थापन गरिनुपर्नेमा जोड दिँदै उनले भने 'त्यसका लागि विद्यालयका प्रधानाध्यापकसहित शिक्षक, अभिभावक, व्यवस्थापन समिति पनि जिम्मेवार बन्नुपर्छ।'

सखुवानन्कारकट्टी गाउँपालिका शिक्षा शाखा प्रमुख भोगेन्द्र यादवले सार्वजनिक विद्यालयहरूमा शिक्षकको अनियमितता, शैक्षिक सामग्रीको अभाव, भौतिक संरचनाको कम जस्ता समस्याहरुले शैक्षिक सुधार हुन नसकेको बताए। 'स्थानीय तह र व्यवस्थापन समितिबीचको समन्वयलाई थप प्रभावकारी बनाइनुपर्छ' उनले भने 'शिक्षक दरबन्दी मिलान नगरेसम्म विद्यार्थी संख्या अनुसार शिक्षक व्यवस्थापन गर्न नसकिंदा समस्या भोग्नु परिरहेको छ।'

'पालिकाले सूचना प्रविधिमा आधारित पठनपाठनका लागि सामग्री मात्र उपलब्ध गराएर हुँदैन, जनशक्तिको समेत व्यवस्थापन गर्नुपर्छ' उनले भने। कारखाना समूह, दलित समाज सेवा संघ र सिएसइ परियोजनाको आयोजनामा गरिएको गोलमेच बैठकमा सार्वजनिक शिक्षामा रहेका चुनौती र समाधानका उपायबारे गहन छलफल गरिएको थियो। कार्यक्रममा प्रअ विनोदकुमार सिंह, पत्रकार शम्भु यादव, सामाजिक कार्यकर्ता बहादुर सदाय, विशेश्वर दास, विद्यार्थी नेता सुजितकुमार यादव लगायतले विद्यालयको भौतिक पूर्वाधार अपांगमैत्री बनाइनुपर्ने, दलित, विपन्न समुदायका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न अभिभावक सचेतना कक्षा संचालन गरिनुपर्ने, किशोरीहरुका लागि विद्यालयमा सहज रुपले सेनटरी प्याडको उपलब्धतासँगै फेर्ने ठाउँको व्यवस्थापन गरिनु पर्ने सुझाव दिए। छलफलपछि लक्ष्मीपुरपतारी गाउँपालिका प्रशासन शाखा प्रमुख धनीलाल यादवलाई स्थानीय शिक्षा क्षेत्र योजनाको विश्लेषण बमोजिम सुधार गरिनुपर्ने पक्षहरुलाई समेटेर सुझाव पत्रको रुपमा हस्तान्तरण गरिएको थियो।

# मुख्यमन्त्री नियुक्तिसम्बन्धी मुद्दाको किनारा लागेपछि मात्रै मधेसमा नयाँ सभामुख चयन गरिने




जनकपुरधाम, ६ मंसिर। पद अनुकूल आचरण नगरेको भन्दै रामचन्द्र मण्डल सभामुखबाट पदमुक्त भएपछि अहिले मधेस प्रदेशसभा सभामुखविहीन बनेको छ। पद अनुकूलको आचरण नगरेको भन्दै कात्तिक २७ गते ७ दलका ६४ प्रदेशसभा सदस्यहरुले मण्डलविरुद्ध प्रस्ताव दर्ता गराएका थिए। बुधबार प्रदेशसभा बैठकबाट पद अनुकूल आचरण नगरेकोसम्बन्धी सोही प्रस्तावको पक्षमा दुई तिहाइभन्दा बढी अर्थात् ७६ प्रदेशसभा सदस्यहरूले मत दिएपछि एमालेबाट सभामुख बनेका मण्डल पदमुक्त हुन पुगेका हुन्।

हुनतः प्रस्तावलाई रोक्न मण्डलले ५ जना प्रदेशसभा सदस्यहरूलाई बर्खास्त गर्ने विवादित निर्णय समेत गरे। तर सर्वोच्च अदालतले प्रदेशसभा सदस्यहरुको पक्षमा अन्तरिम आदेश दिएपछि उनीहरूको पद भने यथावत नै रहेको छ। तर सभामुखले भने आफ्नो पद जोगाउन सकेनन्। सभामुख विरुद्धको प्रस्ताव पारित गर्ने दिन उपसभामुख बबिता राउतले प्रदेशसभा सञ्चालन गरेकी थिइन् भने एमालेको तर्फबाट प्रदेशसभा सदस्य शारदा थापा सुरुमा उपस्थित भए पनि पछि उनी पनि बाहिरिएकी थिइन्।

अहिले प्रदेशसभा अनिश्चितकालका लागि स्थगित गरिएको छ। सभामुखविहीन बनेको प्रदेशसभा हाँक्ने दायित्व तत्कालका लागि उपसभामुख राउतको काँधमा आइपुगेको छ। उनले बिहीबार सर्वदलीय बैठक समेत डाकेकी थिइन्। सो बैठकमा निवर्तमान सभामुख रामचन्द्र मण्डलले प्रदेशसभामा करारमा राखेका कर्मचारीहरूलाई हटाउने निर्णय गर्नुका साथै प्रदेशसभामा नयाँ सभामुख चयन प्रक्रियाको विषयमा पनि छलफल भएको थियो। यद्यपि सो विषयमा ठोस निष्कर्ष निस्कन नसकेको बैठकमा सहभागी नेताहरूले बताए।

एमाले संसदीय दलका नेता सरोज कुमार यादव सात दलको विरोधका बिच मुख्यमन्त्री नियुक्त भएपछि एमाले प्रदेशसभामा एक्लिएको छ। मुख्यमन्त्री नियुक्ति असंवैधानिक भएको जिकिरसहित ७ दल सर्वोच्च अदालत गएका छन् भने एमालेविरुद्ध उनीहरु एकठाउँमा छन्। संविधानको धारा १६८ को उपधारा अनुसार नयाँ सरकार गठन गर्नुपर्नेमा उपधारा ३ अनुसार गठन गरिएकाले सरकार असंवैधानिक भएको दाबी गर्दै प्रदेशसभामा रहेका ७ दलका सांसदहरुले रिट दायर गरेका हुन्। उक्त रिटमाथिको अन्तिम सुनुवाइ मिति मंसिर ११ गतेलाई तोकिएको छ। प्रदेशसभामा एक्लिएकै कारण अहिले सभामुखका लागि एमालेले लबिङ गर्न सकस छ। नेताहरुकाअनुसार ७ दलबाटै कोही सभामुख बन्ने लगभग निश्चित छ। तर सभामुखको विषयमा ठोस निर्णय मुख्यमन्त्री नियुक्तिको विवादमा सर्वोच्च अदालतको फैसला आएपछि मात्रै लिइने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को संसदीय दलका नेता जयनुल राइनले बताए। उनले भने, 'सर्वोच्चको फैसला के हुन्छ त्यसका लागि कुरौं। त्यसपछि मात्रै सभामुखको विषयमा सोचौंला।'

जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले पनि सभामुखको विषयमा गठबन्धनभित्र खासै छलफल नभएको र आफूहरु मंसिर ११ गते हुने सर्वोच्च अदालतको फैसलाको पर्खाइमा रहेको बताए। मुख्यमन्त्री नियुक्ति विवादमा सर्वोच्च अदालतको फैसला गठबन्धनकै पक्षमा आउनेमा ७ दल आशावादी देखिन्छ। तर सर्वोच्च अदालतले यदि ७ दलीय गठबन्धनको पक्षमा फैसला गरेपनि त्यसपछि मुख्यमन्त्रीको नेतृत्व कसले लिने भन्ने निश्चित छैन। कांग्रेस, लोसपादेखि जसपा नेपालसम्मले मुख्यमन्त्रीमा पहिलेदेखि नै दाबी गर्दै आएका थिए भने विवादका बिच यादवलाई तत्कालीन प्रदेश प्रमुखले शपथ खुवाउनु अघि लोसपाका जितेन्द्र सोनल मुख्यमन्त्री दिए।

कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले गठबन्धनभित्र सबैभन्दा ठुलो दल कांग्रेस रहेकाले मुख्यमन्त्री कांग्रेसले नै पाउनु पर्ने बताए। यद्यपि लोसपाका नेता जयनुल राइन भने मुख्यमन्त्रीको रुपमा सोनलले नै अवसर पाउने दाबी गर्छन्। जबकि जसपा नेपालले पनि मुख्यमन्त्री नभए सभामुख पाउनुपर्ने अडान राखेको छ। सर्वोच्चको फैसलाका आधारमा राजनीतिक भागबण्डा गर्नुपर्ने आवश्यकता महसुस गर्दै सभामुख चयनको प्रक्रिया पनि अदालतको फैसलापछि नै गनेगरी थाती राखिएको नेताहरूको भनाइ छ।

## *तीन महिनाभित्र ...*

वर्षौंदेखिका कष्ट कति चुनौतीपूर्ण छन् भन्ने गहिरो अनुभूति गरायो।"

उनले स्थानीयको तत्काल आवतजावत सहज बनाउन अस्थायी विकल्पबारे पनि विस्तृत छलफल भएको र आवश्यक प्रक्रिया अघि बढाइने जानकारी दिए। साथै, प्राविधिक पक्षमा उठेका प्रश्नबारे सम्बद्ध निकायहरू जिम्मेवार हुने र मन्त्रीस्तरीय अनुगमन निरन्तर चलिरहने स्पष्ट पारे। पुल निर्माणको जिम्मेवारी लिएको निर्माण कम्पनी लुम्बिनी बिल्डर्सका सञ्चालक विष्णुप्रसाद शर्माले मन्त्रीसमक्ष तीन महिनाभित्र पुलको काम सकेर सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। स्थलगत निरीक्षणको क्रममा उनले भने, "हामी मन्त्रीज्यू समक्ष तीन महिनाभित्र पुल सकेर सञ्चालनमा ल्याउने प्रतिवद्धता व्यक्त गर्दछौं।"

विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो। तर, पटक–पटक म्याद थपेर १३ वर्ष बितिसक्दा पनि पुल निर्माणको काम अधुरै छ। पप्पु कन्ट्रक्सनले तीन वर्षमा निर्माण गर्नुपर्ने पुल अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको थियो। विसं २०७८ असार १७ को बाढीका कारण पुलका दुई जग भासिँदा क्षति भएको थियो। कूल ४६९ मिटर लम्बाइको यो पुलको ८३ प्रतिशत भौतिक प्रगति र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ। पुल निर्माणका सम्झौता हाल नवौं म्याद थपको प्रक्रियामा छ।

शुक्रबारको स्थलगत अनुगमन टोलीमा मन्त्री घिसिङसँगै युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक विजय जैशी, हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतो, जेन्जी अगुवाहरू सुदन गुरुङ, शिव यादव, पुरुषोत्तम यादवलगायतको टोली सहभागी थियो।

कमला नदीको यो पुल मधेस प्रदेशको यातायात सुगमता, सुरक्षा र आर्थिक विकासका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। मन्त्रालयले अब नियमित अनुगमन, सहजीकरण र आवश्यक सहयोग गर्दै कामलाई समयमै सम्पन्न गराउने प्रतिबद्धता जनाएको छ।

## *लहानमा ६०...*

बालबालिकालाई शिक्षामा सहजता पुऱ्याउने र चिसो मौसममा न्यानो संरक्षण उपलब्ध गराउने उद्देश्य रहेको केन्द्रले जनाएको छ। यसै क्रममा मधेस प्रदेशका प्रमुख भोगेन्द्र महतोले फिजियोथेरापी तथा शैक्षिक सामग्री वितरणले बालबालिकाको मनोबल वृद्धि गरेको बताउँदै यस्ता कार्यक्रमले उनीहरूको शैक्षिक यात्रामा सकारात्मक प्रभाव पार्ने उल्लेख गर्नुभयो। कार्यक्रममा स्कुल ब्याग १ थान, कोपी ६ पिस, इरेजर १ थान, कटर १ थान, पेन्सिल १ प्याकेट, साथै न्यानो कपडामा स्विटर १ थान, टोपी थान, मोजा १ थान लगायतका सामग्री प्रदान गरिएको थियो। अभिभावकहरूका अनुसार यस्तो सहयोगले अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा टिकाइराख्न र आत्मविश्वास बढाउन महत्वपूर्ण भूमिका खेलेको छ।

# पालिकालाई लयमा फर्काउन १० बुँदे प्राथमिकता सार्वजनिक




**धीरेन्द्रप्रसाद साह**

राजविराज, ६ मंसिर। सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिकाका कार्यवाहक अध्यक्ष कल्पनाकुमारी चौधरीले सुशासन, पारदर्शिता र जनमुखी सेवालाई प्राथमिकतामा राखेर नेतृत्व अघि बढाउने घोषणा गर्नुभएको छ। गाउँपालिका अध्यक्षको राजीनामा पछि कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालेपछि उहाँले १० बुँदे प्राथमिक कार्य सार्वजनिक गर्दै यस्तो घोषणा गर्नुभएको हो।

गत कात्तिक १८ गते बसेको गाउँपालिका बैठकले उपाध्यक्ष चौधरीलाई विधिविधानअनुसार कार्यवाहक अध्यक्ष तोकेपछि उहाँले आफ्नो विस्तृत धारणा सार्वजनिक गर्दै हालसम्म पालिकामा देखिएको अस्तव्यस्त र प्रशासनिक चुनौतीलाई सुधार गर्ने दृढ संकल्प व्यक्त गर्नुभएको छ। उहाँले दलगत दायराभन्दा माथि उठेर ‘जनताको सेवक’ को रूपमा काम गर्ने बताउँदै पालिकावासीको विश्वास नै आफ्नो सबैभन्दा ठूलो पुँजी रहेको उल्लेख गर्नुभएको छ।

अध्यक्षको राजीनामा पछि पालिकामा निर्णय प्रक्रियाको अस्पष्टता, सेवा प्रवाहमा ढिलाइ तथा प्रशासनिक समन्वय कमजोर रहेकाले त्यसलाई लयमा फर्काउनु पहिलो काम हुने उहाँको भनाइ छ। कार्यवाहक अध्यक्ष चौधरीले गाउँटोलमै पुगेर जनताको वास्तविक समस्या र आवश्यकता सुन्ने कार्यक्रम अघि सार्नुभएको छ। जसअनुसार प्रत्येक वडामा प्रत्यक्ष संवाद, सुझाव सुनुवाइ र गुनासो संकलन अभियान सञ्चालन हुनेछ।

उहाँले पालिकामा सुशासन कायम गर्ने, बजेट तथा वित्तीय क्षेत्रमा पूर्ण पारदर्शिता लागू गर्ने, नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने, महिला-युवा तथा विपन्न वर्गका लागि लक्षित कार्यक्रम अघि बढाउने, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा सुधार ल्याउने, पूर्वाधार विकासमा गुणस्तरको कडाइ गर्ने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने, शाखा, उपशाखामा कार्य मूल्यांकन प्रणाली लागू गर्ने तथा सबै समुदाय र राजनीतिक दलसँग सहकार्यको वातावरण बनाउने गरी आफ्ना १० प्रमुख प्राथमिकता सार्वजनिक गर्नुभएको छ।

उहाँ आफ्नो नेतृत्वमा गाउँपालिका, गाउँसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत र सबै कर्मचारीलाई एउटै परिवारझैँ एकता, विश्वास र प्रतिबद्धताका साथ सेवा प्रवाहमा समर्पित बनाइने बताउनुभयो। ‘गाउँपालिकाको सञ्चालन कागजी रूपमा होइन, जनताको घरआँगनमै पुगेर समस्या बुझेर समाधानमा उन्मुख बनाउनु आवश्यक छ,’ उहाँले भन्नुभयो। उहाँका अनुसार, नयाँ नेतृत्व शैली, जनतासँग प्रत्यक्ष संवाद र पारदर्शी अभ्यासले पालिकालाई ‘नयाँ गति, नयाँ लय र नयाँ भरोसा’ तर्फ डोऱ्याउनेछ।

कार्यवाहक अध्यक्ष चौधरीले गाउँपालिकाको समृद्धि र साझा विकासका यात्रामा सबै नागरिक, समुदाय तथा सरोकारवालाबाट निरन्तर साथ सहयोगको अपिल गर्नुभएको छ। नेकपा एमालेबाट निर्वाचित गाउँपालिका अध्यक्ष दीनानाथ चौधरीले गत असोज ५ गते लिखित राजीनामा दिनुभएको थियो। विभिन्न कारणवश पदअनुसार कार्य गर्न असमर्थ रहेको उल्लेख गर्दै उहाँले पदीय दक्षता, समय र ऊर्जा दिन नसकेको महसुस गरेको भन्दै राजीनामा दिनुभएको थियो। अध्यक्षको राजीनामापछि र कार्यवाहक नतोकिएको अवस्थामा पालिकाबाट प्रवाह भइरहने सेवा प्रभावित हुँदै आएको थियो।

# मतदाताको संख्या एक करोड ९० लाख पुग्यो

काठमाडौं, ६ मंसिर। मतदाताको संख्या एक करोड ९० लाख ५ हजार तीन सय २४ पुगेको छ। निर्वाचन आयोगका अनुसार पछिल्लो मतदाता नामावली संकलन थाल्नुअघि एक करोड ८१ लाख ६८ हजार मतदाता रहेकामा चुनाव घोषणापछि आठ लाख ३७ हजार ९४ जना मतदाता थपिएका हुन्। चुनाव घोषणा गरेपछि मतदाता नामावली दर्ता रोक्ने व्यवस्था रहेकोमा यसपटक सरकारले अध्यादेश मार्फत कानुन परिवर्तन गरेर नामावली संकलन गरेको हो। यसपटक राष्ट्रिय परिचयपत्र प्रयोग गरेर निबेदन दिँदा बायोमेट्रिकका लागि कार्यालयमा जान नपर्ने व्यवस्था गरेका कारण मतदाता संख्या उल्लेख्य बढ्न सकेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो।

उहाँका अनुसार अध्यादेश ल्याएर थपिएको समयमा कार्यालयमा गएर फोटो खिचाउन पर्नेतर्फ तीन लाख ४४ हजार ९ सय १४ जना र राष्ट्रिय परिचयपत्र प्रयोग गरेर आवेदन गर्नेतर्फ चार लाख ९२ हजार १ सय ८० जना मतदाता दर्ता भएका छन्। आयोगले कुल मतदातामध्ये ज्यान गएका वा उजुरी परेकाहरूको टुङ्गो लगाएर आउँदो पुस १५ गतेसम्म अन्तिम मतदाता संख्या सार्वजनिक गर्नेछ। मतदाता सूचीमा नाम समावेश भएकामध्ये आउँदो फागुन २० गतेसम्म १८ वर्ष पुग्ने व्यक्तिहरूले मात्रै फागुन २१ गतेका लागि तोकिएको चुनावमा मतदान गर्न पाउने छन्। आयोगले नामावली संकलन भने १६ वर्ष पुगेका सबैको गर्दै आएको छ।

# चुनावमा भाग लिने कांग्रेसको औपचारिक निर्णय

काठमाडौं, ६ मंसिर। नेपाली कांग्रेसले आसन्न चुनावमा भाग लिने औपचारिक निर्णय गरेको छ। आज सानेपामा बसेको कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकले आउँदो माघ ११ गते हुने राष्ट्रिय सभा चुनाव र फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावमा भाग लिने निर्णय गरेको हो।



बैठकले वर्तमान राजनीतिक संकटको निकास, संविधानको संरक्षण र जेन-जीले उठाएको मागलाई संस्थागत रुपमा चुनावबाटै सम्बोधन गर्न सकिने ठहर गर्दै चुनावमा जाने निर्णय गरेको हो। त्यस्तै कांग्रेसले दुबै चुनावका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णयसमेत गरेको छ। कांग्रेसले प्रतिनिधिसभा विघटन असंवैधानिक भनेको छ। तर यो विषय सर्वोच्च अदालतले नै टुङ्गो लगाउने भन्दै कांग्रेस केन्द्रीय समितिले चुनावमा भाग लिने निर्णय गरेको हो।

कांग्रेसले चुनावका लागि भयरहित वातावरण बनाउन हराइरहेका हतियार र भागेका कैदीबन्दीहरुलाई तत्काल नियन्त्रणमा लिनुपर्ने माग गरेको छ। पार्टी महाधिवेशनको विवाद नमिलेका कारण त्यसबारेमा भने बैठकले निर्णय गर्न सकेन। महामन्त्री गगन थापाले महाधिबेसनका बारेमा छलफल गरेर फेरि बैठक बस्ने तर मंसिरमा नियमित महाधिबेसन गर्ने नसकेमा विशेष महाधिवेशन गर्ने कुरा निर्विकल्प भएको बताउनुभयो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)